# अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७५

# जिल्ला समन्वय समिति
# दार्चुला

जिल्ला समन्वय समितिदार्चुलाबाट , स्वीकृत मिति:२०७५-०१-२०
जिल्ला सभाको बैठकबाट अनुमोदन मिति:२०७५-०१-२८

**प्रस्तावनाः**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित गर्दै स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्था गरेको छ । संघ, प्रदेश, नगरपालिका र गाउँपालिकासँग प्रभावकारी समन्वय गर्ने र अनुगमनको माध्यमबाट जिल्लाको सन्तुलित विकासमा योगदान गर्ने महत्वपूर्ण जिम्मेवारी जिल्लासभा र जिल्ला समन्वय समितिलाई संविधानतः प्राप्त भएको छ । संविधानको मूल मर्मलाई आत्मसाथ गर्दै स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं स्थानीय तह वीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिको भूमिका तथा कार्यलाई स्पष्ट पार्दै जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीचको विकास निर्माणका विषय पहिचान र व्यवस्थापनका लागि समन्वय गर्दै जिल्ला भित्र सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता एवं व्यवस्थापनका लागि विभिन्न चरणमा अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्वन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिन सक्ने भन्ने व्यवस्था भएकोले उल्लेखित कार्यलाई थप स्पष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गर्दै जिल्ला समन्वय समितिको मिति २०७५।०१।२० गतेको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १–प्रारम्भ खण्ड

### १.कार्यविधिको नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७५ रहनेछ ।

(ख) यो कार्यविधि जिल्ला समन्वय समिति, दार्चुलाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘‘कार्यविधि’’ भन्नाले अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पर्छ ।

(ख) ‘‘सभा’’ भन्नाले जिल्ला सभालाई सम्झनु पर्छ ।

(ग) ‘‘समिति’’ भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ ।

(घ) ‘‘प्रमुख’’ भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्छ ।

(च) ‘‘सदस्य’’ भन्नाले जिल्ला समन्वय समितिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) ‘‘उपसमिति’’ भन्नाले जिल्लास्तरीय अनुगमन उपसमितिलाई सम्झनु पर्छ ।

(ज) ‘‘स्थानीय तह’’ भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।
(झ) ‘‘जि.स.स’’ भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ ।
(ञ) ‘‘कार्यालय’’ भन्नाले जिल्ला समन्वय समितिको कार्यालयलाई सम्झनु पर्छ ।
(ट) ‘‘योजना/आयोजना’’ भन्नाले जिल्लाभित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा सञ्चालनमा रहेका योजना तथा आयोजनाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद २–अनुगमन खण्ड

### ३.उद्देश्य

(क) जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गैह्रसरकारी संस्था तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने ।
(ख) जिल्लाभित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।
(ग) जिल्लाभित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने ।
(घ) विकास आयोजनाहरु सञ्चालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।
(ङ) नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र अनुगमन गरी सम्वन्धित निकायमा आवश्यक सुझाव दिने ।
(च) सञ्चालित योजना तथा आयोजनाहरु तोकिएको समयमा सम्पन्न गराउन सहयोग पुर्‍याउने ।
(छ) अनुगमनको क्रममा योजना तथा आयोजनाहरुको सञ्चालनमा ढिलासुस्ती, लापरवाही, चुहावट र स्रोतको दुरुपयोग देखिएमा सो को नियन्त्रणका लागि स्थानीय तह, संघ र प्रदेशमा आवश्यकता अनुसार सुझाव दिने र सो को पालना भए नभएको अनुगमन, निरीक्षण (फलो अप) गर्ने ।
(ज) कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पर्ने असर र प्रभावको अनुगमन गरी सहजीकरण गर्ने ।
(झ) जिल्लाको दिगो विकासमा सहयोग पुर्‍याउने ।
(ञ) जिल्लास्थित स्थानीय तहहरुको क्षमता अभिवृद्धिमा टेवा पुर्‍याउने ।

### ४.अनुगमनको क्षेत्र:

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही जिल्ला समन्वय समितिले जिल्ला भित्र सञ्चालनमा रहेका राष्ट्रिय गौरवका योजना, संघीय, प्रदेश, जिल्ला तथा स्थानीय तह, गैह्रसरकारी संस्था तथा दातृ संस्थावाट सञ्चालित विकास निर्माण तथा सेवा सम्वन्धी योजना तथा आयोजनाहरुको अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने निकायको प्रशासनिक, आर्थिक र योजना तथा आयोजनाहरुको सञ्चालन तथा निर्णय प्रकिया समेतको विभिन्न चरणमा अनुगमन गर्न सक्नेछ ।

१. यसरी अनुगमन गर्दा देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु पर्नेछः
(क) योजना/आयोजना/कार्यक्रमको छनौट प्रक्रिया (पहिचान, प्राथमिकीकरण, छनौट) ।

(ख) आयोजनाको कूल लागत अनुमान ।
(ग) योजना/आयोजना/कार्यक्रमको समावेशीकरण,सन्तुलन,मूल्यांकन र पृष्ठपोषणको अवस्था ।
(घ) योजना/आयोजना/कार्यक्रमको सञ्चालन र व्यवस्थापन ।
(ङ) आयोजना सञ्चालनको निर्धारित समय तालिका लगायत समग्र कार्ययोजना ।
(च) जनसहभागिता तथा आपसी समन्वय ।
(छ) योजना/आयोजना सञ्चालनको क्रममा देखा परेका प्रमुख समस्या तथा अप्ठ्यारहरु ।
(ज) योजना/आयोजना कार्यान्वयनका लागि आवश्यक सामग्री, स्रोत् साधन तथा जनशक्तिको पर्याप्तता ।
(झ) योजना/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने सेवा तथा सामग्रीको खरिद प्रक्रिया
(ञ) सम्बन्धित प्राविधिकहरुबाट हुनुपर्ने नियमित सुपरीवेक्षणको अवस्था ।
(ट) जिल्लाभित्रका योजना/आयोजना कार्यान्वयनसंग सम्बन्धित लक्ष्य र प्रगतिको तुलना, कानुन, कार्यविधि र निर्देशिकाको पालन, भौतिक पुर्वाधारको पर्याप्तता र उपयोग सूचना प्रणाली र अभिलेख व्यवस्था, जनशक्ति व्यवस्थापन, क्षमता उपयोगको स्थिति, अनुगमन र मूल्याङ्कन प्रणाली, कार्यक्रम कार्यान्वयनको स्थिति, सेवा प्रवाह स्थिति, कार्यक्रम सञ्चालन र व्यवस्थापन, वित्तीय स्रोत परिचालन ,समन्वयको स्थितिजस्ता विषयहरुको अनुगमनको सम्पूर्ण प्रक्रियामा समन्वय गर्ने ।

२. जिल्ला समन्वय समितिले योजना तथा कार्यक्रम र सो संग सम्बन्धित आयोजनाहरुको अनुगमन गर्ने क्रममा आयोजनाको पूर्व तयारी, बजेट व्यवस्था, कार्यान्वयन कार्ययोजना (सूचकसहित) अनुगमन तथा मूल्यांकनसंग सम्बन्धित प्रणालीको नीतिगत तयारीको अनुगमन, आयोजनाका क्रियाकलापहरुको लगानी अनुगमन (Input Monitoring), प्रक्रियागत अनुगमन (Process Monitoring), मुख्य मुख्य क्रियाकलापहरुको अनुगमन (Milestones Monitoring), प्रतिफल अनुगमन (Output Monitoring), उपलब्धी अनुगमन (Outcome Monitoring), प्रभाव अनुगमन (Impact Monitoring), कार्य सम्पादनको बर्गीकरण (Performance Categorization) का विविध अनुगमनका विधिहरुको प्रयोगमा ल्याई अनुगमन गर्न सक्नेछ । सहभागितामूलक पद्धतिहरुमा प्रयोग हुने अनुगमनका विधिहरुमा अर्धसंगठित अर्न्तवार्ता (Semi-Structured Interview), अवलोकन (Field Observation), लक्षित समूह छलफल (Focus Group Discussion), जोडा स्तरीकरण वा तुलना (Ranking), सामाजिक स्रोत नक्सा (Socio Resource Map), सबल दुर्बल पक्ष विश्लेषण (SWOT Analysis), सार्वजनिक परीक्षण (Public Audit), सार्वजनिक सुनुवाई (Public Hearing) जस्ता अनुगमनका औजारहरुको प्रयोग गर्न सकिनेछ ।

३. जिल्ला समन्वय समितिबाट जिल्लामा कार्यरत सरकारी, अर्ध सरकारी तथा गैह्रसरकारी (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) संघ संस्थाहरुको हुने अनुगमन तथा समन्वयको कार्यमा सम्बन्धित संघ संस्थाहरुको देहाय बमोजिम जिम्मेवारी एवं दायित्व हुनेछः
क) जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रमको विषयमा जिल्ला समन्वय समितिलाई जानकारी गराउनु पर्नेछ ।

ख) जिल्ला समन्वय समितिलाई जिल्लामा कार्यरत सरकारी, अर्ध सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुको अनुगमन गर्ने कार्यमा आवश्यक सहयोग तथा सहजीकरण गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ ।

ग) संस्थाहरुको अनुगमन गर्दा संस्थाको लक्ष्य र प्रगतिको तुलना, कानुन, कार्यविधि र निर्देशिकाको पालना, भौतिक पूर्वाधारको पर्याप्तता र उपयोग, सूचना प्रणाली र अभिलेख व्यवस्था, जनशक्ति व्यवस्थापन, क्षमता उपयोगको स्थिति, अनुगमन र मूल्याङ्कन प्रणाली, कार्यक्रम कार्यान्वयनको स्थिति, सेवा प्रवाह स्थिति, कार्यक्रम सञ्चालन र व्यवस्थापन, वित्तीय स्रोत् परिचालन, समन्वयको स्थितिजस्ता विषयहरुको अनुगमनको सम्पूर्ण प्रक्रियामा प्राविधिक रुपमा सहजीकरण गर्नु र आवश्यकता अनुसार स्रोत् साधनको ब्यवस्थापन गर्नु सम्वन्धित संस्थाहरुको जिम्मेवारी हुनेछ ।

घ) जिल्ला समन्वय समितिको अनुगमनमा आवश्यक विषयगत विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ र सोको लागि जिल्ला समन्वय समितिबाट औपचारिक माग हुन आएमा सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

## ५.उपसमिति गठन र बैठक सम्वन्धी व्यवस्था:

(१) सरकारी एवं गैह्रसरकारी संघ संस्थाद्वारा जिल्लाभित्र सञ्चालनमा रहेका योजना तथा आयोजनाहरुको अनुगमन कार्ययोजना बनाई जिल्ला समन्वय समिति आफैले अनुगमन गर्न सक्नेछ । साथै आवश्यकता अनुसार अनुगमनका लागि विषयगत अनुगमन उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको संयोजक सहित आवश्यक पदाधिकारीहरुको संख्या समितिले तोक्नेछ ।

(३) उपसमितिको कार्यवोझलाई दृष्टिगत गरी समितिले आवश्यक सहयोगी कर्मचारीहरु उपलव्ध गराउनेछ ।

(४) उपसमितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ, तर आवश्यक परेमा संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ ।

(५) उपसमितिलाई आवश्यक पर्ने स्रोत्, साधन र बजेट जि.स.स.ले व्यवस्था गर्नुपर्नेछ ।

(६) उपसमितिले आफूले गरेको अनुगमनको प्रतिवेदन अनिवार्यरुपमा जि.स.स.मा पेश गर्नुपर्नेछ ।

## ६.अनुगमनको समीक्षा, सुझाव, निर्देशन र प्रतिवेदन सम्वन्धी व्यवस्था:

(१) जिल्ला समन्वय समितिले आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश भएको अनुगमन प्रतिवेदनको नतिजा उपर मासिक रुपमा छलफल एवं समीक्षा गरी यसै कार्यविधिको भाग ४ को वुँदा नं क देखि ट सम्मका विषयको गाम्भीर्यताका आधारमा सम्बन्धित निकायमा सुधारका लागि सुझाव वा निर्देशन दिन सक्नेछ । तर यस प्रकारको समीक्षा बैठक आवश्यकता अनुसार जति पटक पनि बस्न कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

(२) जिल्ला समन्वय समितिले आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश भएको अनुगमन प्रतिवेदनको समीक्षा बैठकमा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकायलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(३) जिल्ला समन्वय समितिले अनुगमन पश्चात दिएको सुझाव वा निर्देशनको पालना गर्नु सम्वद्ध पक्षको कर्तव्य हुनेछ ।

(४) उपदफा १ वा उपदफा ३ अनुसार दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना सञ्चालन गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा जिल्ला समन्वय समितिले काम रोक्का गर्न वा कारवाही गर्न सम्बन्धित निकायमा सिफारिश गर्नेछ ।

(५) जिल्ला समन्वय समितिले अनुगमनको लागि विषयगत विज्ञको सेवा परामर्शको रुपमा लिन सक्नेछ र सो वापतको सुविधा जिल्ला समन्वय समितिले तोके बमोजिम हुनेछ ।

(६) जिल्ला समन्वय समितिले अनुगमनवाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदनलाई संघ र प्रदेशका सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ साथै उक्त प्रतिवेदनलाई सार्वजनिक गर्न सक्नेछ ।

(७) जिल्ला समन्वय समितिलाई संघीय, प्रदेश स्तरीय वा संबैधानिक निकायले जिल्ला भित्रका कुनै योजना, आयोजना वा कार्यको अनुगमन गरी प्रतिवेदन दिन अनुरोध गरेमा सो को आफैले वा उपसमितिबाट अनुगमन गरी गराई सम्बन्धित निकायमा प्रतिवेदन गर्न सक्नेछ ।

## ७. अनुगमनमा सम्बन्धित स्थानीय तहका पदाधिकारीहरुलाई सहभागी गराउन सकिनेः

समिति वा उपसमितिले अनुगमनको क्रममा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकाय स्थानीय तह, गैह्रसरकारी संघसंस्थाका प्रतिनिधि, सम्वन्धित विषय विशेषज्ञ र प्रविधिकहरुलाई समेत सहभागी गराउन सक्नेछ ।

## ८.अनुगमनमा संलग्न पदाधिकारीहरुको सुविधा सम्वन्धी व्यवस्थाः

(१) अनुगमनको सिलसिलामा आयोजना तथा योजना निरीक्षणको लागि योजनास्थलमा जाँदा पदाधिकारीहरुले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नुपर्नेछ, तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा आवश्यक पर्ने सवारी साधनको प्रवन्ध कार्यालयले मिलाउनु पर्नेछ ।

(२) अनुगमनमा जाँदा पदाधिकारीहरु एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले प्रचलित नियमानुसार दैनिक तथा भ्रमण भत्ता पाउनेछन् । अन्य लजिष्टिकको हकमा कार्यालयले आवश्यकता अनुसार व्यवस्था मिलाउनेछ ।

(३) उपसमितिको बैठकमा भाग लिए वापत उप समितिका पदाधिकारीहरु तथा आमन्त्रित कर्मचारी, प्राविधिक र विशेषज्ञहरुले समेत जि.स.स. पदाधिकारीहरु सरह बैठक भत्ता पाउनेछन् ।

# परिच्छेद ३–समन्वय खण्ड

## ९.उद्देश्यः

(क) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय, गाँउपालिका र नगरपालिकाविच समन्वय गर्ने ।

(ख) जिल्लाभित्र गाँउपालिका र नगरपालिकाविचको विकास निर्माणका विषय पहिचान एवं व्यवस्थापन गर्ने ।

(ग) जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन एवं अनुसन्धान गर्ने ।

(घ) जिल्लाभित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने ।

(ङ) विकास आयोजनाहरु सञ्चालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।

(च) नदीजन्य पदार्थ लगायत प्राकृतिक स्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र समन्वय गरी सम्बन्धित निकायमा आवश्यक सुझाव दिने ।

(छ) जिल्लाभित्र संघीय, प्रदेश, स्थानीय, कार्यालय/निकाय, गाँउपालिका र नगरपालिका वीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।

(ज) कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पार्ने असर र प्रभावको विषयमा समन्वय गरी सहजीकरण गर्ने ।

(झ) जिल्लाको दिगो विकासमा सहयोग पुर्‍याउने ।

## १०. समन्वयको क्षेत्रः

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही जिल्ला समन्वय समितिले जिल्लाको दिगो, सन्तुलित एवं व्यवस्थित विकासका लागि गाँउपालिका, नगरपालिका, प्रदेश र संघद्वारा जिल्लाभित्र सञ्चालन हुने, सञ्चालनमा रहेका विभिन्न राष्ट्रिय गौरवका योजना तथा विकास निर्माण तथा सेवा सम्वन्धी प्रदेश एवं स्थानीय तहका योजना तथा आयोजनाहरुको पहिचान/अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने निकायसंग आवश्यक समन्वय गर्न सक्नेछ । यसरी समन्वय गर्दा विशेष गरी निम्न कुरामा विशेष ध्यान पुर्‍याउनु पर्नेछः

(क) अन्तर स्थानीय तहवीच नीतिगत समन्वय ।

(ख) विकास निर्माणसंग सम्बन्धित कार्यमा सन्तुलन ।

(ग) संघ, प्रदेश र स्थानीय तहवीचको अन्तरसम्वन्ध ।

(घ) आयोजना छनौट एवं सञ्चालनमा दोहोरोपन ।

(ङ) सबै जात जाति वर्ग, क्षेत्र, लिङ्गको आधारमा विकास निर्माणका योजनाहरुको समावेशिता ।

(च) नियमित अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षणको अवस्था ।

(छ) ऐन नियम अनुसार योजना आयोजना छनौट प्रक्रिया ।

(ज) दिगो विकाससंग सम्बन्धित विकास योजना तथा आयोजनाहरुको गुणस्तरियता ।

(झ) योजना तथा आयोजनाहरुको हस्तान्तरण पश्चातको मर्मत सम्भारको अवस्था ।

(ञ) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको व्यवस्थापकीय, समुदाय परिचालन तथा प्राविधिक निपुणता लगायतका विषयमा जनशक्ति व्यवस्थापन एवं क्षमता विकासको अवस्था

(ट) स्थानीय, जिल्ला, अन्तर जिल्लास्तरीय, राष्ट्रिय, प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरुको सञ्चालनका लागि आवश्यक निर्माण सामग्रीको उपलब्धता ।

(ठ) जिल्ला भित्रका स्थानीय तहहरु वीच देखा परेका प्रमुख समस्या, अप्ठ्यारा एवं विवादहरु ।

(ड) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्य ।

(ढ) जिल्लास्तरीय अभियानका विषयहरु ।

## ११.समन्वय प्रक्रियाः

राष्ट्रिय स्तरका विकासका प्राथमिकताहरू, स्थानीय आवश्यकता, जिल्लाभित्रका सम्भावना र चुनौतीहरूलाई मध्यनजर राख्दै जिल्लाभित्रका सबै गाउँपालिका, नगरपालिका तथा जिल्लामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं जिल्लामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा जिल्लाको दिगो विकासका लागि गैह्रसरकारी संस्था, निजी क्षेत्र, उद्योग वाणिज्य संघ

लगायत सार्वजनिक तथा सरकारी क्षेत्रका गतिविधिलाई समन्वयात्मक रुपमा संचालन गर्न, विकास निर्माण तथा स्थानीय स्तरमा सेवा प्रवाहसंग सम्बन्धित विषयमा पर्न आएका गुनासाहरू समाधान गर्नुका साथै जिल्लाको सम्बृद्धि, समग्र एवं सन्तुलित विकासका लागि नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार समन्वयका लागि देहायका प्रक्रियाहरु अवलम्वन गरिनेछः

(क) गाउँपालिका, नगरपालिका तथा जिल्लामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू, राजनैतिक दल एवं जिल्लामा क्रियाशील नागरिक समाज, गैह्रसरकारी संस्था समेतको सहभागितामा जिल्लाको दिगो विकासका लागि साझा अवधारणा तय गर्ने ।

(ख) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहहरुविच समन्वय कायम गर्न बैठक, छलफल, गोष्ठी र अन्तरक्रियाको व्यवस्था मिलाउने ।

(ग) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न स्थानीय तह, राजनैतिक दल, गैह्रसरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजसंग समन्वय तथा अन्तरक्रिया गर्ने ।

(घ) विकास निर्माण एवं सेवा प्रवाहको सन्दर्भमा स्थानीय तहहरुवीच देखिएका विवादहरु सम्बन्धित पक्षहरुको उपस्थितिमा समाधानका लागि पहल गर्ने ।

(ङ) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन एवं वातावरण संरक्षणका लागि प्रदेश र स्थानीय तहहरुसंगको समन्वय तथा सरोकारवालाको सहभागितामा स्थानीय नीति एवं कार्ययोजना तय गरी कार्यान्वयनका लागि स्थानीय तहहरुलाई प्रेरित एवं मार्गदर्शन गर्ने ।

(च) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकास एवं प्रविधि हस्तान्तरणका लागि संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्र (गैह्रसरकारी संघसंस्था समेत) संग समन्वय गर्ने ।

(छ) विकास निर्माण तथा सेवा प्रवाहको वस्तुगत मूल्यांकनको मापदण्ड तयार गरी सोको आधारमा प्रत्येक वर्ष जिल्लाभित्रका स्थानीय तहहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

(ज) स्थानीय तहहरुद्वारा सम्पादित अनुकरणीय कार्य तथा सम्भावनाहरुको पहिचान गरी प्रकाशन एवं प्रशारणको माध्यमबाट जनसमक्ष प्रवाह गर्ने ।

(झ) प्रत्येक चार चार महिनामा स्थानीय तहका प्रमुख/अध्यक्ष, पदाधिकारीहरु र प्रमुख प्रशासकीय अधिकृतहरु वीच समन्वयात्मक बैठकको आयोजना गरी अनुभव आदानप्रदान, समस्याको समाधान तथा दीगो विकासका विषयमा छलफल गर्ने व्यवस्था मिलाउने ।

(ञ) प्रत्येक चौमासिकमा स्थानीय तहहरुले भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने ।

(ट) आफ्नो काम कारवाहीको सम्बन्धमा सम्बन्धित संघीय मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।

(ठ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद(सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

## १२.उपसमिति गठन र बैठक सम्बन्धी व्यवस्थाः

(क) जिल्लाको समग्र विकासको सन्दर्भमा जिल्ला भित्रका स्थानीय तहहरु, प्रदेश एवं सरकारी एवं गैह्रसरकारी संघ संस्थाहरु वीच समन्वय गर्ने कार्य जि.स.स. आफैले गर्नेछ । साथै आवश्यकता अनुसार समन्वयका लागि समन्वय उपसमिति पनि गठन गर्न सक्नेछ ।

(ख) उपसमितिको संयोजक सहित आवश्यक पदाधिकारीहरुको संख्या समितिले तोके बमोजिम हुनेछ ।

(ग) उपसमितिको कार्यवोझलाई दृष्टिगत गरी समितिले आवश्यक सहयोगी कर्मचारीहरु उपलब्ध गराउने छ ।

(घ) उपसमितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ, तर आवश्यक परेमा संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ ।

(ङ) उपसमितिलाई आवश्यक पर्ने स्रोत, साधन र बजेट जि.स.स.ले व्यवस्था गर्नुपर्नेछ ।

(च) उपसमितिले आफूले गरेको समन्वय सम्बन्धी कार्यको प्रतिवेदन जि.स.स.मा पेश गर्नुपर्नेछ ।

## १३.पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाः

(क) समन्वयको सिलसिलामा फिल्डमा खटिइ जाने पदाधिकारीहरु, विशेषज्ञ एवं कर्मचारीहरुले प्रचलित नियमानुसार सेवा सुविधा पाउनेछन् । अन्य लजिष्टिकको हकमा कार्यालयले आवश्यकता अनुसार व्यवस्था मिलाउने छ ।

(ख) उपसमितिको बैठकमा भाग लिए वापत उपसमितिका पदाधिकारीहरु तथा आमन्त्रित कर्मचारी, प्राविधिक र विशेषज्ञहरु समेतले जि.स.स. पदाधिकारीहरु सरह बैठक भत्ता पाउनेछन् ।

# परिच्छेद ४–विविध खण्ड

## १४.बाधा अड्काउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धी व्यवस्थाः

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा जिल्ला समन्वय समितिले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) कार्यविधिलाई आवश्यकता अनुसार जिल्ला समन्वय समितिले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(ग) यस कार्यविधिमा उल्लेखित कुराहरुलाई स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आंशिक स्वीकृति गर्ने, खारेज गर्ने सबै अधिकार जिल्ला समन्वय समितिमा निहित रहनेछ ।

(घ) यस कार्यविधिका अन्य दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु भए पछि लगत्तै बसेको जिल्ला सभाले यसलाई अनुमोदन गर्नु पर्नेछ । जिल्ला सभाले यो कार्यविधिमा कुनै बुदा थपघट वा परिमार्जन गर्न आवश्यक ठानेमा उपदफा (ख) बमोजिम परिमार्जन तथा संशोधन गर्न सकिनेछ ।

अनुसूची-१

# जिल्ला समन्वय समितिको कार्यालय

दार्चुला

योजना/आयोजनाको अनुगमन प्रतिवेदन

अनुगमन मिति :-

योजना /आयोजनाको संक्षिप्त विवरण :

(१) योजना /आयोजना सञ्चालन गर्ने निकाय :

(क) योजना /आयोजनाको नाम :

(ख) संचालित स्थान :..............................गा.पा/न.पा...................... वडा नं.........

टोल....................................................

(ग) कूल लागत रु. .................

(२) स्वीकृत स्रोत्हरु

(क) सम्बन्धित स्थानीय सरकार बाट रु. ............

(ख) उपभोक्ता बाट रु. ..................

(ग) नेपाल सरकार बाट रु. .................

(घ) अन्य......................बाट रु. .................

(ङ) योजना /आयोजना सम्झौता मिति :-

(च) योजना /आयोजना सम्पन्न गर्नुपर्ने मिति :-

(छ) म्याद थप भएको भए थप म्याद :-

(ज) उपभोक्ता समितिको अध्यक्ष वा ठेकेदारको नाम, ठेगानाः-

(झ) पेश्की/भुक्तानी भएको रकम प्रथम किस्ता रु. दोश्रो किस्ता रु. तेश्रो किस्ता रु. जम्मा

(३) संचालित योजना /आयोजनाको अवस्था

(क) प्राविधिक मूल्यांकन भईसकेको भए सोको प्रगति प्रतिशत ............

(ख) उपभोक्ता समितिको सक्रियता भएको /नभएको............

(ग) भौतिक रुपमा हेर्दा देखिने अवस्था ...................

(घ) कार्यतालिका अनुसार कार्य भए/नभएको.................

(ङ) निर्माण सामाग्रीहरुको निर्माण स्थलमा देखिएको भए सोको विवरण

| क्र.सं. | सामाग्रीको नाम | अनुमानित परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क. | | | |
| ख. | | | |
| ग. | | | |
| घ. | | | |
| ङ. | | | |

(४) योजना/आयोजनाको गुणस्तर

.................................................. .................................................. .........

..........................................................................................................................

(५) योजना/आयोजनाको कार्यान्वयनमा पारदर्शिताका लागि अपनाइएका विधिहरुः

क) होर्डिङ बोर्ड सार्वजनिक स्थलमा राखे नराखेको.......

ख) सार्वजनिक सुनवाई गरे नगरेको ....

ग) सामाजिक परिक्षण भए नभएको ....

घ) स्थानीय अनुगमन समिति गठन गरे नगरेको .....

ङ) स्थानीय अनुगमन समितिवाट नियमितरुपमा अनुगमन भए नभएको .......

(६) योजना/आयोजना कार्यान्वयनमा देखापरेका समस्याहरु :

उपभोक्ता समितिको भनाई

(क)

(ख)

(ग)

अनुगमनकर्ताको दृष्टिकोणमा देखापरेका समस्याहरु :

(क)

(ख)

(ग)

(७) उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष/वडाध्यक्षको दृष्टिकोण :

(क)

(ख)

(ग)

(८) योजना /आयोजना सम्पन्न गराउनका लागि सुझावहरु (अनुगमनकर्ताको दृष्टिकोण)

(क)

(ख)

(ग)

(९) अन्य रकम पेश्की लगेर हाल सम्म कार्य प्रारम्भ नै गरेको छैन भने,

(क) रकम पेश्की लग्ने व्यक्तिसंग सम्पर्क भयो, भएन, यदि भएको भए निजको भनाई के छ ?

......................................................................................................................

(ख) निजको कावु बाहिरको परिस्थितिले कार्यप्रारम्भ गर्न नपाएको हो वा लापरवाही गरी रकम हिनामिना गर्ने सोचाइ राखेको हो अनुगमनकर्ताको राय ?

..........................................................................................................................

(ग) निज सम्पर्क नै हुन सकेन भने निज कहां छन् निजको परिवारका नाता पर्ने सदस्यको भनाई

..........................................................................................................

..........................................................................................................

(१०) अनुगमनकर्ताद्वारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समिति र सरोकारवालालाई दिइएको निर्देशन

..........................................................................................................

..........................................................................................................

(११) अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय ब्यक्तिहरु

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

अनुगमनकर्ताको नाम थरः
(क) पदः
(ख) दस्तखतः
(ग) मितिः

अन्य अनुगमनकर्ताहरुः
१.
२.
३.

# अनुसूची-२
# जिल्ला समन्वय समितिको कार्यालय
# दार्चुला
## योजना/आयोजना निरिक्षण पश्चात भर्नुपर्ने फारमको नमूना

आ.व. ....................

अवधिः...........................

...........देखि .......................सम्म जिल्ला ......................स्थानीय तह...............................

| क्र सं | आयोजनाको नाम | योजना रहेको ठेगाना, गर्ने मुख्य निकाय वा व्यक्ति | यस अवधि को लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी प्र.हुनका कारण | कम प्रगति भएकोमा अर्को अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधानका लागि गरिएका प्रयासहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची-३
# जिल्ला समन्वय समितिको कार्यालय
# दार्चुला
## समन्वय सम्वन्धी अभिलेख फाराम

| क.स. | मिति | समन्वय सम्वन्धी कार्यको विवरण | सम्वद्ध निकाय | | | सम्वन्धित पक्ष |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय तह | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |